दर्ता मिति : २०५१/१०/१७

जि.स.का.दा.नं. १८/०५१/०५२

सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लि.

३१ औं वार्षिक साधारण सभा प्रतिवेदन



३१ औं

वार्षिक साधारण सभा

(क्षेत्रगत)

प्रतिवेदन-२०८२

२०८२ असोज ४ गते, शनिबार

ने.सं. ११४५ ञला गाः चतुर्दशी, शनिबाः

20th Sept., 2025, Saturday

"सर्वोत्कृष्ट वित्तीय समाधानका लागि सिद्धि गणेश"

सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लि.

ACCESS BRONZE

भक्तपुर नगरपालिका वडा नं. ७, चोर्चा, भक्तपुर

Email: sgsaccos@hotmail.com
sgsaccos@gmail.com
Website: www.sgsaccos.com.np

फोन नं.: ६६१३२०१, ६६२१२०१, ६६२१२०३, ६६२१२०४
सेवा केन्द्र - यातु गणेश : ६६१९५४०, तेखापुखु : ६६२१२००
स्वास्थ्य क्लिनिक : ६६२१२०५

सञ्चालक समिति

रुद्र नारायण लाखा
अध्यक्ष

विष्णुराम दुमरु
उपाध्यक्ष

विष्णुप्रसाद दुमरु
सचिव

जयराम गोर्खाली
कोषाध्यक्ष

कृष्णगोविन्द लाखाजु
सदस्य

हरिरत्न गोर्खाली
सदस्य

राजन लाखाजु
सदस्य

रमेश दुमरु
सदस्य

रामचन्द्र दुमरु
सदस्य

तुल्सीदास दुमरु
सदस्य

रञ्जना प्रजापति
सदस्य

राजाराम दुवाल
सदस्य

रत्नश्वरी चवाल
सदस्य

राधेश्याम सैंजु
सदस्य

सपना कवां
सदस्य

लेखा सुपरिवेक्षण समिति

रामप्रसाद लाखाजु
संयोजक

सुनिल राजचल
सदस्य

हेरा ख्याजु
सदस्य

व्यवस्थापन

अग्रपंक्ति (बायाँबाट) : व्यवस्थापक : शिला गोसाई, विभागीय प्रमुखहरूः चन्द्र प्रसाद दुमरू, राजेश लाखाजु, सुमित्रा खाईजु, बिमल लवजु, वरिष्ठ कार्यालय सहायकः रामेश्वर लाखाजु, का.स.: रबिना दुमरू, मुकेश दुमरू, सरिता लालुवा, रिना दुमरू

बीचको पंक्ति (दायाँबाट) : प्राविधिक सहायकः निर्मल त्वाती, कार्यालय सहायक : संगिता ह्योंगजु, रामेश्वरी लवजू, सहायकहरूः मनिता लाखाजु, सबिना ख्याजू, मंगलमाया लघु, कृष्णश्वरी कुसाथा, सरू सितिखु, गिता गोसाई, रेणुका कोजू, कृस्टिना कोजू, दिनेश दुवाल

पछिल्लो पंक्ति (दायाँबाट) : बजार प्रतिनिधीहरूः रामलक्ष्मी कुस्मा, सबिता गपी, अनिता त्वाती, स्मृति सिन्ताकल, रस्मिला त्योछिन, वरिष्ठ सहयोगीः केदार लाखाजु, सहयोगीः केशरी कुसी, शर्मिला गुज, मंगलकेशरी लाखाजू गार्डः नारांभक्त दुमरू, नारायण प्रसाद लाखा, श्रीराम त्वाती, सुरेन्द्र चौगुठी, प्रदीप थापा

श्री .... ज्यू,
सदस्य नं. ....
.... भक्तपुर ।

विषय : ३१औं वार्षिक साधारणसभामा उपस्थिति जनाउने सम्बन्धमा ।

यस संस्थाको **३१औं वार्षिक साधारणसभा (क्षेत्रगत)** देहायका विषयहरू माथि छलफल तथा निर्णयहरू गर्न **मिति २०८२/०६/०४ गते, शनिबार दिउँसो १:०० बजे देखि देहायका स्थानहरूमा आयोजना गरिने** हुँदा आ-आफ्नो क्षेत्रमा हुने सभामा उपस्थित हुन सम्बन्धित सम्पूर्ण सदस्यहरूलाई सूचित गराइन्छ ।

सभामा छलफल तथा निर्णयार्थ प्रस्तुत हुने विषयहरू:

१. आ.व. २०८१/०८२ को प्रगति विवरण र आ.व. २०८२/०८३ को प्रस्तावित कार्यक्रम ।
२. आ.व. २०८१/०८२ को आय-व्यय विवरण र आ.व. २०८२/०८३ को अनुमानित बजेट ।
३. आ.व. २०८१/०८२ को लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन ।
४. आ.व. २०८१/०८२ को लेखा परीक्षकको प्रतिवेदन तथा आ.व. २०८२/०८३ का लागि लेखापरीक्षकको नियुक्ति र पारिश्रमिक तोक्ने ।
५. शेयर लाभांस सम्बन्धमा ।
६. संरक्षित पूँजी फिर्ता कोष सम्बन्धमा ।
७. संस्थाको विनियम संशोधन (पुनर्लेखन) सम्बन्धमा ।
८. संस्थाका विभिन्न नीतिहरू संशोधन सम्बन्धमा ।
९. विविध ।

❖ **सभा स्थलहरू:**

१. श्री अजिमा पार्टी महल, बाराहीस्थान, भक्तपुर : क्षेत्र नं. १ (१, २, ३ र म.थि.न.पा.) र २ (भ.न.पा. ४ र सु.न.पा.) का सम्पूर्ण सदस्यहरू
२. स्टार बैंक्वेट, कमलविनायक, भक्तपुर : क्षेत्र नं. ३ (भ.न.पा. ५ र चा.न.पा.) र ४ (भ.न.पा. ६ र ७) का सम्पूर्ण सदस्यहरू
३. महेश्वरी बैंक्वेट, थुसाँचा, भक्तपुर : क्षेत्र नं. ५ (भ.न.पा. ८ र ९) र ६ (भ.न.पा. १०) का सम्पूर्ण सदस्यहरू

उपस्थिति पुस्तिका खुल्ला रहने समय :

१. मिति २०८२/०६/०३ गते शुक्रबार बिहान ०७:०० बजेदेखि ५:०० बजेसम्म संस्थाको कार्यालय भवन, चोर्चा (क्षेत्र नं. ३ र ४ का सदस्यहरू), यातुगणेश सेवाकेन्द्र, कमलविनायक (क्षेत्र नं. ५ र ६ का सदस्यहरू) र सेवाकेन्द्र, तेखापुखु (क्षेत्र नं. १ र २ का सदस्यहरू) मा उपस्थिति तथा सुझाव पुस्तिका खुल्ला रहने हुदाँ सदस्यहरूले आ-आफ्नो परिचय-पत्र सहित उपस्थिति जनाउनु होला ।
२. मिति २०८२/०६/०४ गते शनिबार बिहान ७:०० बजेदेखि दिनको ५:०० बजेसम्म सम्बन्धित सभा स्थलबाट उपस्थिति खुल्ला रहने हुँदा सदस्यहरूले आ-आफ्नो परिचय-पत्र सहित उपस्थिति जनाउनु होला ।
३. संस्थामा मिति २०८२/५/३१ गतेसम्म सदस्य भएका उपस्थित हरेक साधारण सदस्यलाई खाजा खर्च वापत रू.३५३।- (करकट्टी पछि रू.३००) प्रदान गर्ने हुँदा सदस्यहरूले आ-आफ्नो परिचय-पत्र सहित उपस्थिति जनाउनुहोला ।

सञ्चालक समिति

अध्यक्षको सन्देश

रूद्र नारायण लाखा
अध्यक्ष

सर्वप्रथम सम्पूर्ण शेयर सदस्यहरूमा विजया दशमी तथा दिपावलीको शुभअवसरमा सु-स्वास्थ्य दीर्घायुको शुभकामना व्यक्त गर्दछु ।

आज हामी संस्थाको ३१औं साधारण सभामा उपस्थित भई रहेका छौं । स्थानीय चोर्चा टोलका ३१ जना युवा साथीहरू मिलेर रू. ३१००।- जम्मा गरी संस्था स्थापना गरेका थियौं । संस्था स्थापना गर्दा समुदायको आर्थिक, सामाजिक, साँस्कृतिक क्षेत्रमा विकास गरी समाज सु-संस्कृत बनाउने उद्देश्य लिएका थियौं ।

समाजमा आर्थिक रूपमा पछाडी परेका वर्गको उत्थानका लागि सहकारी उत्तम माध्यमको रूपमा लिन सकिन्छ । सहकारीको माध्यमबाट आर्थिक उन्नयन गर्न सीपमूलक तालिम, व्यक्तित्व विकासका अवसरहरू प्रदान गर्न विभिन्न कार्यक्रम सञ्चालन गरी समुन्नत समाजको विकास गर्ने दायित्व सहकारीले वहन गर्दै आई रहेको छ ।

संस्थाले स्थापनाकालदेखि नै सहकारी मूल्यमान्यता, सिद्धान्त, पारदर्शितालाई आत्मसाथ गर्दै आएको सर्वविदतै छ । वर्तमान समयमा व्यक्तिगत रूपमा सहकारी स्थापना गरी सहकारीबारे जनमानसमा नकारात्मक भावना विकास भएको हुँदा समुदायमा आधारित संस्थाहरूले सदस्य र समुदायबीच व्यक्तिगत सहकारी र समुदायमा आधारित सहकारीको भिन्नता बारेमा सु-सूचित गर्ने कार्यक्रमहरू गर्न आवश्यक छ । यसको लागि यस संस्थाले खुल्ला रूपमा विभिन्न शिक्षामूलक, स्वास्थ्य क्षेत्रमा सुधारका निम्ति स्वास्थ्य शिविरहरू सञ्चालन गर्दै आएका छौं ।

आ.ब. २०८१/०८२ सालमा बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाको कारोबारलाई व्यवस्थित, पारदर्शी र प्रभावकारी बनाउन मिति २०८२/०२/०९ गते राष्ट्रिय सहकारी नियमन प्राधिकरणले मापदण्ड जारी गरिएको थियो । सोहि बमोजिम नीतिनियममा एकरूपता ल्याउनका लागि यस संस्थाले आफ्नो विनियम २०५१ संशोधन र एकिकरणका साथै आन्तरिक नीति तथा कार्यविधिहरूमा संशोधन गर्ने कार्यलाई प्राथमिकतामा राखेका छौं । यसका साथै संस्थाले समय र परिस्थितिलाई ध्यानमा राखेर प्रविधि मैत्री बनाई अगाडी बढेको छ । यसलाई सदस्यहरूले उपयोग गर्नमा विश्वस्त छु ।

यो संस्था यहाँसम्म पुर्‍याउन सहयोग गर्ने सदस्य, शुभचिन्तकहरूमा हार्दिक आभार व्यक्त गर्दै आगामी दिनहरूमा सल्लाह र सुझावको अपेक्षा गर्दछु ।

जय सहकारी

व्यवस्थापकको प्रतिवद्धता

शिला गोसाईं
व्यवस्थापक

सिद्धि गणेश साकोस बचत तथा ऋण कारोबार गर्ने सहकारी संस्था हो । यसले स्थापनाकाल देखि नै बचत तथा ऋण सहकारी संस्थाको मर्म र सिद्धान्तअनुरूप विभिन्न गतिविधि गर्दै आएको छ ।

सहकारीहरूमा देखिएको नकारात्मक कुरालाई नियमन गर्न सरकारले राष्ट्रिय सहकारी नियमन प्राधिकरणको गठन गरि सकेको छ । नेपाल सरकारले आर्थिक वर्ष २०८१/०८२ मा सहकारी ऐनमा संशोधन गरी परिच्छेद १७ (क) थप गरी दफा १०३(क) मा बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाको नियमन गर्न जिल्ला अदालतलाई भए सरहको अधिकार हुने गरी राष्ट्रिय सहकारी नियमन प्राधिकरणको स्थापना गरेको हो । मिति २०८१/०९/१९ मा "सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी सहकारी संघ संस्थालाई जारी गरिएको (चौथौ संशोधन) निर्देशन २०८१", नेपाल राष्ट्र बैंकबाट पनि मिति २०८१/१२/२१ मा "बचत तथा ऋणको कारोबार गर्ने सहकारी संस्थाका लागि निर्देशन तथा मापदण्ड २०८१" जारी गरिएको छ । त्यसै गरी राष्ट्रिय सहकारी नियमन प्राधिकरणबाट पनि मिति २०८२/०२/०९ गते "बचत तथा ऋणको मूख्य कारोबार गर्ने सहकारी संस्थाको संचालन सम्बन्धमा जारी गरिएको नियामकीय मापदण्ड २०८२" जारी गरिएको छ । गत आर्थिक वर्षको अन्तमा मिति २०८२/०३/३२ गते सहकारी विभागबाट "सहकारी संघसंस्थामा सुशासन प्रवर्द्धनको लागि एकीकृत निर्देशन २०८२" जारी भएको थियो । नियमनकारी निकायबाट यसरी विभिन्न मितिमा जारी भएको मापदण्ड तथा निर्देशनको पालना गरी सिद्धि गणेश साकोसले गत आर्थिक वर्षको बाह्य लेखा परीक्षण गरिएको पनि सम्पूर्ण सदस्यहरूमा जानकारी गराउन चाहन्छु ।

यी विभिन्न निर्देशन र मापदण्डहरूमा भएको प्रमुख बुँदाहरू मध्ये प्राथमिक पुँजी गणना, व्यक्तिगत बचत तथा ऋण सीमा, संचालक समितिको संख्या, कर्जा वर्गीकरण, ऋण नोक्सानी व्यवस्था, तरलता गणना, पूँजीकोष सम्बन्धी व्यवस्था, जोखिम भारित सम्पत्ति, न्यूनतम पूँजीकोष कायम नभएमा लाभाशं घोषणा र वितरण गर्न नपाउने व्यवस्था हुन् । २५ करोड रूपैयाँभन्दा बढी बचत रहेको वा ऋण बक्यौता रहेको संस्थालाई ठुलो कारोबार गर्ने संस्था भनि परिभाषित गरिएको छ ।

सहकारी संस्थामा आर्थिक कारोबार हुने भएकोले यस संस्थामा स्थापना कालदेखि नै सुशासन कायम गर्न आवश्यक नीति नियम बनाई पालना गर्नुका साथै गुणस्तर कार्यक्रम एक्सेस (ACCESS – A one Competitive Choice for Excellence in Service and Soundness) मा पनि सहभागी भएको हुनाले मापदण्ड र निर्देशनमा आएका कतिपय व्यवस्थाहरू पहिले नै पालना गर्दै आएको जानकारी गराउन चाहन्छु । सुशासन र आर्थिक पारदर्शिता भएको हुनाले नै सदस्यहरूको विश्वास जित्न सफल यस संस्थाले आगामी दिनहरूमा सदस्यहरूलाई प्रभावकारी वित्तीय सेवा प्रदान गर्नका लागि व्यवस्थापन तत्पर छौं । साथै सदस्यहरूबाट पनि संस्थालाई विगतमा झैं निरन्तर सल्लाह, सुझाव प्राप्त हुनेमा विश्वस्त छौं ।

आ.व. २०८१/०८२ को प्रगति तथा आ.व. २०८२/०८३ को प्रस्तावित कार्यक्रम

विष्णु प्रसाद दुमरु
सचिव

सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लि. को ३१औं वार्षिक साधारण सभा(क्षेत्रगत) मा उपस्थित सम्पूर्णमा विजया दशमीको पावन अवसरमा मंगलमय शुभकामना व्यक्त गर्दछु । सिद्धि गणेश साकोस ३१औं वर्षको दौरानमा रहि रहँदा कयौं सामाजिक क्रियाकलापहरू सम्पन्न गरियो । जुन यस संस्थाको उद्देश्य मध्ये एक हो । सहकारी संस्थाका सदस्यहरूको आर्थिक उन्नति तथा सीप विकास गर्ने प्रमुख उद्देश्यलाई आत्मसाथ गर्दै अगाडी बढि रहेकाले यस संस्थाले आज आर्थिक मन्दीलाई समेत पर्वाह नगरी सेवा प्रवाहमा निरन्तरता दिंदै आएको छ । यस संस्थाले समय अनुसारका प्रविधिलाई अंगाल्दै, आधुनिक प्रविधिलाई सेवा प्रवाहमा चुस्त बनाउन कर्मचारीहरूलाई आवश्यक तालिमहरूबाट प्रविधि मैत्री बनाउन लागि पर्ने जानकारी सम्पूर्ण सदस्यहरूलाई दिन चाहन्छु ।

सहकारीहरूको प्रतिकुल अवस्थाबारे बजारमा यत्रतत्र खबरहरू फैलिरहेका छन् । यस्तो अवस्थामा सहकारीलाई अनुकुल बनाउन इमान्दारिताका साथ सहकारीकर्मीहरूले न्यायोचित व्यवहार गर्नुपर्ने आजको आवश्यकता रहेको छ । सुशासन र कर्तव्य पालनामा सहकारीकर्मीहरू प्रतिवद्ध हुनु अत्यावश्यक छ । प्रतिकुल अवस्थामा पनि सहकारी सिद्धान्तलाई आत्मसातका साथ व्यवहारमा लागु गर्नुपर्ने आवश्यकताका विषयमा हामी सचेत र सजग छौं ।

आज बजारमा आर्थिक मन्दी छ । त्यसमाथि सहकारी नियमन निकायले सहकारीलाई एउटा वित्तीय संस्थाको तहमा राखि बचत तथा ऋण सहकारी संस्थाको क्रियाकलापलाई संकुचन गर्न खोजेको छ । यो विषयमा हामी सहकारीकर्मीहरू पूर्ण रूपमा सचेत रहेका छौं ।

सहकारी नियमन निकायको ऐन, नियम र निर्देशनलाई आत्मसाथ गर्दै, सोही ऐन र निर्देशन अनुरूप विनियमलाई परिर्माजन गरी सहकारी संस्थाको सिद्धान्त र नीति नियमले मिल्ने हदसम्म कार्यान्वयन पक्षमा अग्रसरताको लागि प्रयासरत रहनेमा विश्वास दिलाउन चाहन्छु । यसका लागि सम्पूर्ण सदस्यहरूले साथ दिनु हुनेमा आशावादी छु । गत वर्षदेखि वार्षिक कारोवारको हिसाबहरूको परीक्षण नेपाल लेखामान बोर्ड (Accounting Standards Board, Nepal –ASBN) बाट जारी भई नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था-आइक्यान (Institute of Chartered Accountant of Nepal - ICAN) द्वारा अनुपालनको लागि सूचित गरिएको नेपाल वित्तीय प्रतिवेदनमान Nepal Financial Reporting Standard (NFRS) अनुसार नै लेखा परीक्षणलाई निरन्तरता दिएका छौं ।

सदस्यहरूलाई आर्थिक कारोबार छिटो छरितो गर्न सहजताको लागि सम्भव भएसम्म सिद्धि गणेश मोबाइल बैकिङ्ग र क्यू आर कोड (Quick Response Code) सेवाहरू जस्ता प्रविधि प्रयोगलाई व्यापकता गरी सदस्य सेवा विस्तार गर्ने लक्ष्य रहेको अवगत गराउँदछु ।

अब म आ.व. २०८१/०८२ मा भए गरेका प्रगति प्रतिवेदन बुँदागत रूपमा प्रस्तुत गर्न चाहन्छु ।

१) ३०औं वार्षिक साधारणसभा (क्षेत्रगत) सम्पन्नः

- २०८१ असोज १८ गते संस्थाको ३०औं वार्षिक साधारण सभा(क्षेत्रगत) कार्यक्रम सम्पन्न गरियो ।
- क्षेत्र नं. ५ र ६ मा बागमती प्रदेश सभा सदस्य सुरेन्द्रराज गोसाईंको प्रमुख आतिथ्यतामा, अतिथिहरू भ.न.पा ८ का वडा अध्यक्ष कृष्णप्रसाद कोजु, इनाचो एकाई समितिका अध्यक्ष एवं पूर्व वडाअध्यक्ष कृष्णगोविन्द खाइजु, संस्थापक अध्यक्ष राजेन्द्र दुमरू, सिद्धि कृषि सहकारीका अध्यक्ष पुण्यराम दुमरूको आतिथ्यतामा र अध्यक्ष रूद्रनारायण लाखाको सभापतित्वमा कार्यक्रम सम्पन्न भएको थियो ।
- क्षेत्र नं. ३ र ४ मा प्रतिनिधि सभा सदस्य माननीय प्रेम सुवालको प्रमुख आतिथ्यतामा, अतिथिहरू बागमती प्रदेश सभा सदस्य सृजना सैंजु, भ.न.पा १० का वडाअध्यक्ष लक्ष्मी प्रसाद ह्यौंमिखाको आतिथ्यतामा र उपाध्यक्ष विष्णुराम दुमरूको सभापतित्वमा कार्यक्रम सम्पन्न भएको थियो ।
- क्षेत्र नं. १ र २ मा भक्तपुर नपाका नगर प्रमुख सुनिल प्रजापतीको प्रमुख आतिथ्यतामा, अतिथिहरू भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी संघका प्रतिनिधि, भ.न.पा. ३ का राजकृष्ण गोराको आतिथ्यतामा र सचिव विष्णु प्रसाद दुमरूको सभापतित्वमा कार्यक्रम सम्पन्न गरियो ।
- साधारण सभाबाट वार्षिक प्रतिवेदनहरू पारित गर्नुका साथै आ.ब. २०८१/८२ का लागि लेखा परिक्षक नियुक्ति र पारिश्रमिक तोकियो ।
- साधारणसभामा संस्थाका कुल सदस्य १७,०१२ मध्ये १४,०३५, (८२.५० प्रतिशत) सदस्यहरूको उत्साहजनक उपस्थिति रहेको थियो ।

सभाबाट आ.ब. २०८०/०८१ को प्रगति प्रतिवेदन, आर्थिक प्रतिवेदन, लेखा सुपरीवेक्षण समितिको प्रतिवेदन तथा आ.ब. २०८१/०८२ का लागि प्रस्तावित कार्यक्रमहरू, अनुमानित बजेट र लेखापरीक्षक नियुक्ति, नीति तथा कार्यविधि अनुमोदन प्रस्तावहरू पारित गरेको थियो । सभाको उद्घाटन कार्यक्रममा प्रमुख अतिथिहरूबाट असल ऋणी, असल बचतकर्ता र एसईई (SEE) र कक्षा १२ उत्कृष्ट विद्यार्थीहरूलाई सम्मान प्रदान गरिएको थियो ।

२) संस्थाको सदस्यता तथा वित्तीय अवस्थाः

गत आ.व. २०८०/०८१ मा महिला ८९६९, पुरूष ७८९४, संस्थागत २ कुल १६,८६५ जना साधारण सदस्य तथा ३३५२ बाल बचतकर्ता रहेकोमा आ.व. २०८१/०८२ मा यस संस्थामा महिला ९१९८, पुरूष ८०८८ र संस्थागत २ गरी कुल १७,२८८ जना साधारण सदस्य तथा ३४८० जना बाल बचतकर्ताहरू रहेको छ । पेशागत, उमेर समुह, क्षेत्रगत आदिका आधारमा वर्गिकरण गरिएको सदस्य विवरण अनुसूची-१ मा प्रकाशित गरिएको छ । संस्थाका सदस्यहरूबाट संकलित शेयर तथा बचत रकम र विभिन्न कोषहरूबाट निम्नानुसार वित्तीय अवस्था कायम रहेको सभामा जानकारी गराउन चाहन्छु । साथै विस्तृत वित्तीय विवरणका लागि कोषाध्यक्षज्यूको प्रतिवेदन हेर्नु हुन पनि अनुरोध गर्दछु :-

क) शेयर पुँजी	- रू. २६,२५,४५,४००।-
ख) बचत तथा निक्षेप	- रू. २,६४,२०,५६,४१६।-
ग) जगेडा कोष	- रू. २७,५८,४५,०१९।-
घ) संरक्षित पुँजी फिर्ता कोष	- रू. ८२,४९,६१३।-
ङ) सहकारी प्रवर्द्धन कोष	- रू. १,६४,९९२।-

च) अन्य कोषहरू - रू. २,४५,८३,८४६।-
छ) सदस्य ऋण लगानी - रू. १,८२,६८,२३,१८८।-
ज) कुल सम्पत्ति - रू. ३,२६,३१,४३,१०९।-

३) संस्थाको ३१ औं स्थापना दिवस आयोजनाः

- पुष २९ गते बागमती प्रदेश सांसद तथा नेमकिपाका केन्द्रिय सदस्य सृजना सैंजुको प्रमुख आतिथ्यता, भ.न.पा ७ वडाका अध्यक्ष उकेश कवांको आतिथ्यता र संस्थाका अध्यक्ष रूद्र नारायण लाखाको सभापतित्वमा संस्थाका संचालक समिति, लेखा सुपरीवेक्षण समिति, उपसमिति, संस्थापक सदस्यहरू, मानार्थ र कर्मचारीहरूको उपस्थितिमा संस्थाको ३१औं स्थापना दिवस मनाइयो । सोही दिन बिहान संस्थाको कार्यालय भवन, सिद्धि गणेश मन्दिर, सेवा केन्द्रहरूमा दीप प्रज्वलन गरियो । सो दिवसमा नेपाल भाषा साहित्य तःमुंज्यामा संस्थाको तर्फबाट प्रस्तुत भई प्रथम हुन सफल भएको "मेलेवांम्हा काय्" नाटकका लेखक, निर्देशक, मञ्च श्रृंगार, कलाकारहरूका साथै संस्थामा २५ वर्ष अनवरत सेवा गरेका कर्मचारीहरू वित्त तथा प्रशासन अधिकृत चन्द्र प्रसाद दुमरू र बचत प्रमुख सुमित्रा खाइजुलाई प्रमुख अतिथिद्वारा सम्मान गरिएको थियो । स्थापना दिवसको अवसरमा उपसमितिहरूबाट देहाय अनुसारका कार्यक्रमहरूको आयोजना गरिएको जानकारी गराउन चाहन्छु ।

- **३१औं स्थापना दिवसको अवसरमा सम्पन्न कार्यक्रमहरूः**

मिति	कार्यक्रम	आयोजक
पुस १०	अन्तर विद्यालय सहकारी हाजिरी जवाफ प्रतियोगिता	शिक्षा उपसमिति
पुस १५	ऋण लगानी सम्बन्धि जानकारी एवं अन्तरक्रिया कार्यक्रम	ऋण उपसमिति
पुस २०	खुल्ला कसिमला पाँय् प्रतियोगिता	युवा उपसमिति
पुस २३	बचत सम्बन्धि सदस्यहरूबीच अन्तरक्रिया कार्यक्रम	बचत उपसमिति
पुस २७	मुटुरोग सम्बन्धी स्वास्थ्य शिविर सम्पन्न	स्वास्थ्य उपसमिति
पुस २४	छ्वाली कला (आर्ट) तालिम	महिला तथा बालबालिका उपसमिति
पुस १३	निःशुल्क मुटुरोग, हाडजोर्नी तथा नसारोग सम्बन्धि स्वास्थ्य शिविर	यातु गणेश सेवा केन्द्र व्यवस्थापन उपसमिति
पुस १२	दुइदिने कुरूश प्रयोग गरी पर्स र ब्याग बनाउने तालिम	सेवाकेन्द्र व्यवस्थापन उपसमिति, तेखापुखु
पुस १९	भोल डिटर्जेन्ट बनाउने तालिम	सदस्य व्यवसाय प्रवर्द्धन उपसमिति
पुस २७	दुईदिने मस्यौरा बनाउने तालिम	लघुवित्त तथा बचत समूह परिचालन उपसमिति

४) कार्यालय व्यवस्थापनः

४.१ हाल संस्थामा निम्नानुसारको दरबन्दी कायम रहेको छ जसमध्ये २२ जना स्थायी कर्मचारी छन् भने १४ जना कर्मचारी करारमा कार्यरत छन् ।

व्यवस्थापक : १	अधिकृत : ३	वरिष्ठ कार्यालय सहायक : २
कार्यालय सहायक : ६	प्राविधिक कार्यालय सहायक : १	सहायक : ९
वरिष्ठ कार्यालय सहयोगी : १	कार्यालय सहयोगी : ३	दिवा सुरक्षा गार्ड : ३
रात्रीकालिन सुरक्षा गार्ड : २	बजार प्रतिनिधि : ५	

४.२ संस्थाका स्थायी कर्मचारी सहायक रिता दुमरू, करारका कर्मचारीहरू प्राविधिक सहायक प्रकाश ख्याजु, दिवा सुरक्षा गार्ड बलराम कामीको राजिनामा स्वीकृत गरिएको छ । राजिनामा स्वीकृत पश्चात रिक्त रहेको पदहरूमा करार सेवा प्राविधिक सहायकमा निर्मल त्वाती, सहायकमा कृष्टिना कोजु (बजार प्रतिनिधिबाट सहायकमा प्रतिस्पर्धाद्वारा पद पूर्ति गरिएको), बजार प्रतिनिधि अनिता त्वाती र दिवा सुरक्षा गार्ड श्रीराम त्वातीलाई नियुक्ति गरिएको ।

४.३ संस्थाका मानव संशाधनहरूको क्षमता अभिवृद्धिका लागि देहायका तालिमहरूको आयोजना गरिएको छ ।

क) कर्मचारी क्षमता अभिवृद्धि तालिम
ख) शंकास्पद नोट तथा नक्कली दस्तखत पहिचान सम्बन्धी तालिम
ग) कर्मचारी पुनः ताजीगिकरण कार्यक्रम
घ) प्रचलित कानुन सम्बन्धी अभिमुखिकरण कार्यक्रम

५) सदस्यता खारेजी तथा हस्तान्तरणः

आ.व. २०८१/०८२ मा ६० जना सदस्यहरूको असामयिक निधनका कारण सदस्यता खारेजी भएको छ भने ११९ जना सदस्यहरूले दोहोरो सदस्यता र अन्य कारणले स्वेच्छिक रूपमा सदस्यता खारेज गरेका छन् ।

६) चार वर्षे व्यावसायिक योजना परिमार्जन तथा संस्थाको विनियम २०५१ संशोधन :

संस्थाको ४ वर्षे व्यावसायिक योजनामा आ.ब. २०८२/०८३ मा सदस्य संख्या १७,८०० र कुल सम्पत्ति ३ अर्ब ८६ करोड ५ लाख बनाउने योजना रहेकोमा संचालक समितिको मिति २०८२/०२/१६ गते बसेको बैठकबाट आ.ब. २०८२/०८३ मा सदस्य संख्या १७,४०० र कुल सम्पत्ति ३ अर्ब ३६ करोड हुने गरी ४ वर्षे व्यावसायिक योजना संशोधन गरिएको छ । साथै संस्थाको संचालक समितिको २०८२/०५/१९ गतेको निर्णय अनुसार विनियम २०५१ संशोधन र एकिकरणका लागि यस साधारण सभामा प्रस्ताव पेश गरीएको छ । सो बिस्तृत विवरण पृष्ठ ११ मा (क्यू आर कोड/QR Code) राखीएको छ ।

७) समिति उपसमितिका गतिविधिहरू :

संस्थाको विनियम तथा नीति अनुसार आवश्यक निर्णयहरू गरी सदस्यहरूलाई प्रभावकारी सेवा प्रदान गर्ने यस संस्थाको संचालक समितिको आ.व. २०८१/०८२ मा ३७ पटक बैठक बसेको छ । यस समिति अन्तर्गत गठन भएका उपसमितिहरूद्वारा आ.ब. २०८१/०८२ मा आयोजना गरिएका कार्यक्रमहरूको अनुसूची २ मा प्रकाशित गरिएको छ ।

८) तालिम, गोष्ठी कार्यक्रमको आयोजना तथा सहभागिताः

८.१ आ.व. २०८१/०८२ मा संस्थाबाट देहायका कार्यक्रमहरू तथा तालिममा सहभागी भएका छन् ।

क्र.सं	मिति	कार्यक्रम तथा तालिमको नाम	आमन्त्रण गर्ने संस्था	सहभागीको नाम
१	२०८१/४/३२	नेफ्स्कूनको स्थापना दिवस	नेफ्स्कून	रूद्र नारायण लाखा
२	२०८१/८/३	सहकारी ऐन २०७४ को संशोधनमा सुझाव संकलन सम्बन्धी अन्तरक्रिया	भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी संघ लि.	रूद्र नारायण लाखा
३	२०८१/८/२९	२१औं वार्षिक साधारण सभा	राष्ट्रिय सहकारी बैंक लि.	विष्णु राम दुमरू

४	२०८१/९/५ र ६	३३औं वार्षिक साधारण सभा	नेफ्स्कून	रूद्र नारायण लाखा
५	२०८१/९/२५	सहकारी सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको अध्यादेश बारे अन्तरक्रिया	भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी संघ लि.	रूद्र नारायण लाखा
६	२०८१/१२/२०	६८औं राष्ट्रिय सहकारी दिवस	भक्तपुर नगरपालिका	रूद्र नारायण लाखा विष्णु राम दुमरू
७	२०८१/१२/१७	नेपालको सहकारी अभियानमा वित्तीय सहकारीको मार्गचित्र सम्बन्धी कार्यक्रम	नेफ्स्कून	रूद्र नारायण लाखा
८	२०८१/१२/२०	मर्यादित सहकारी समुन्नत समाज सम्बन्धी कार्यक्रम	राष्ट्रिय सहकारी महासंघ	विष्णु राम दुमरू
९	२०८२/१/३१	सहकारी नीतिगत कानुन र व्यवहारिक सम्बन्धमा अन्तरक्रिया कार्यक्रम	भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी संघ लि.	रूद्र नारायण लाखा शिला गोसाई
१०	२०८२/२/१५	महिला सशक्तिकरणमा सहकारीको भूमिका	भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी संघ लि.	रत्नश्वरी चवाल
११	२०८२/१/३१	सहकारी विधेयक तथा निर्देशन र मापदण्ड, बचत तथा ऋण सहकारीको आगामी मार्गचित्र सम्बन्धी अन्तरक्रिया कार्यक्रम	भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी संघ लि.	रूद्र नारायण लाखा
१२	२०८२/२/३१	सहकारी सम्बन्धी बचत तथा ऋणको मुख्य कारोबारबारे अन्तरक्रिया कार्यक्रम	भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी संघ लि.	विष्णु प्रसाद दुमरू

८.२. अर्धवार्षिक प्रगति समिक्षाः हरेक आर्थिक वर्षको पुस मसान्तसम्मको प्रगति पुनरावलोकन गर्ने अर्ध-वार्षिक समिक्षा कार्यक्रम गर्ने संस्थाको अभ्यास अनुसार मिति २०८१/१०/२३ गते संस्थाका संचालक समिति, लेखा सुपरिवेक्षण समिति र विभागीय कर्मचारीहरूको सहभागितामा आ.व. २०८१/०८२ को पुस मसान्तसम्मको प्रगति समिक्षा कार्यक्रम सम्पन्न गरिएको छ ।

८.३. ज्येष्ठ सदस्य सम्मान कार्यक्रम : २०८१ चैत्र सम्ममा ७० वर्ष भएका ज्येष्ठ सदस्य र ज्येष्ठ नागरिक बचतकर्ताहरूका लागि जलपानसहित ज्येष्ठ सदस्य सम्मान कार्यक्रम मिति २०८१ चैत्र ९ गते नेमकिपाका अध्यक्ष एवं वरिष्ठ राजनीतिज्ञ नारायणमान बिजुक्छेंज्यूको प्रमुख आतिथ्यतामा, डा. रत्नसुन्दर लासिवाको आतिथ्यता र संस्थाका अध्यक्ष रूद्र नारायण लाखाको सभापतित्वमा सम्पन्न भएका थियो । साथै कार्यक्रममा उपस्थित ज्येष्ठ सदस्यहरूको निःशुल्क स्वास्थ्य परीक्षण गरिएको थियो ।

८.४. एक्सेस कार्यक्रम (कार्यकुशलता तथा सिकाई गोष्ठीमा सहभागिता) : मिति २०८१ भाद्र १७ गते देखि २२ गते सम्म इण्डोनेसियाको बालीमा भएको अकु फोरममा संस्थाका उपाध्यक्ष विष्णु राम दुमरू र कोषाध्यक्ष जयराम गोर्खालीको सहभागिता रहेको थियो । साथै नेफ्स्कूनको आयोजनामा २०८१ मंसिर र २०८२ बैशाख महिनामा सम्पन्न भएको दुई दिने कार्यशाला तथा सिकाई गोष्ठीमा संस्थाको तर्फबाट कोषाध्यक्ष जयराम गोर्खाली, वित्त तथा प्रशासन प्रमुख चन्द्र प्रसाद दुमरू र बचत प्रमुख सुमित्रा खाइजुको सहभागिता रहेको थियो ।

९. सम्पत्ति शुद्धिकरण निवारण निर्देशिकाको परिपालना :

सम्पत्ति शुद्धिकरण निवारणसम्बन्धि सहकारी संघ संस्थाहरूलाई जारी गरिएको निर्देशन २०७४ अनुसार सदस्य पहिचान फाराम अद्यावधिक गरिएको र आ.व. २०८१/०८२ मा १२ वटा सीमा कारोवारको प्रतिवेदन नेपाल राष्ट्र बैंकको वित्तीय सूचना इकाइमा पठाइएको छ ।

१०) नीतिगत संशोधन र परिमार्जनः

संस्थाको सञ्चालक समितिको निर्णयबाट संशोधन तथा परिमार्जन भएका नीति तथा कार्यविधिहरू यस सभाबाट अनुमोदनका लागि पेश गरेको छु ।

- शैक्षिक ऋण अन्तर्गत ऋण भाखा नघाई विभिन्न कारण देखाई ऋण नविकरण गर्न एक वर्षको लागि पुरानै ब्याजदरमा नविकरण गरिदिने तर आगामी वर्ष पुनः नविकरण गर्नुपरेमा बैदेशिक अध्ययन ऋण अन्तर्गतको शिर्षकमा कायम भएको ब्याजदर हुने ।
- संस्थाको मानव संशाधन व्यवस्थापन नीति २०६८ को उपदान र बिदा सम्बन्धी व्यवस्थामा २०८१ श्रावण १ गतेदेखि लागु हुने गरी उपदान व्यवस्थामा आधारभूत तलबको ८.३३ प्रतिशत हुने गरी परिवर्तन गरिएको छ भने घर बिदा र बिरामी बिदा संचित नगरि आर्थिक वर्षको अन्त्यमा नै बिदा वापतको रकम भुक्तानी गरिने व्यवस्था कायम गरिएको छ ।
- डिजिटल कारोबारलाई प्रवर्द्धन गर्न प्रविधिमार्फत नियमित बचत गर्ने सदस्यहरूबाट पनि असल बचतकर्ताका लागि छनोट गर्ने व्यवस्था गरिएको ।
- साझेदारी व्यवसायका लागि ऋण माग गरेमा सोसँग सम्वन्धित जानकारी पत्र लिई मात्र ऋण लगानी गरिने ।
- संस्थाको औसत शेयर पुँजी भन्दा बढी शेयर पुँजी हुने सदस्यले शेयर फिर्ता गर्न माग भएमा औसत शेयर पुँजी बाँकी गरी संस्थाले नै फिर्ता लिने व्यवस्था कायम गरिएको ।
- धितो मूल्याकंनको ऋण लगानी तथा असुली नीति २०६८ अनुसार नै कायम गरिएको
- लाइन अफ क्रेडिट सुविधा भएको ऋणमा ५० लाख सीमा कायम भएकोमा सो सीमा फुकुवा गरिएको ।
- घर निर्माण ऋणमा १ करोडसम्म, घरजग्गा ऋणमा १ करोड पचास लाखसम्म, पान (स्थायी लेखा नम्बर) ब्यवसायमा १ करोडसम्म, व्यावसायिक ऋणमा प्राथमिक पुँजी कोषको १० प्रतिशतसम्मको ऋण सीमा फुकुवा गरिएको ।
- आकस्मिक व्यवसाय ऋण नीति २०८१ पारित गरि लागु गरिएको ।
- पुर्जाका आधारमा सदस्यता लिने सदस्यहरूलाई संस्थाको कार्यक्षेत्र भित्रको मात्र धितो स्वीकार गरी ऋण लगानी गर्ने व्यवस्था कायम गरिएको ।
- आवधिक बचतको भाका सकेका पछि ब्याज सहित सदस्यहरूको ऐच्छिक खातामा जाने गरी व्यवस्था गरिएको ।
- सदस्यहरूलाई संस्थाबाट उपलब्ध गराइएका पत्रहरू पुनः उपलब्ध गराउनु परेमा रू १०० दस्तुर लिने निर्णय गरिएको ।
- सदस्य बन्न इच्छुक कार्यक्षेत्र बाहिरका व्यक्तिहरूले घरजग्गा पुर्जाको आधारमा सदस्यता दिंदै आएकोमा २०८१ चैत्र १४ गतेबाट घरजग्गा पुर्जाका साथै बसाईंसराईको प्रमाणपत्र संलग्न गरी मात्र सदस्यता प्रदान गर्ने ।

- परिवर्तित समयलाई दृष्टिगत गरी सञ्चालक समितिले विभिन्न मितिमा बचत र ऋण सेवामा ब्याजदर परिमार्जन गरी देहाय अनुसार ब्याजदर कायम गरिएको छ :-

बचत प्रकार	ब्याजदर	ऋण सुविधा	ब्याजदर
नियमित बचत	६%	कृषि/स्वास्थ्य	७.५०%
बाल बचत	६%	शैक्षिक	८%
ऐच्छिक बचत	३%	हायरपर्चेज/सवारी साधन	८.५०%
स्वास्थ्य बचत	६%	घर निर्माण	८%
समृद्धि बचत	४%	उपभोग्य/घरायसी	९%
दैनिक बचत	३.५%	उद्योग/पशुपंक्षी पालन/सामुहिक	८.५०%
शेयर डिपोजित	५ %	सरल व्यावसायिक/पेशागत	८.५० %
आवधिक बचत		व्यापार/व्यवसाय	८.५०%
३ महिने	३%	घरजग्गा खरिद	९.५०%
६ महिने	४%	निक्षेप कर्जा/बचत सरह	थप २ %
९ महिने	४.५%	दैनिक बचत ऋण	८.५०%
१ वर्षे	५%	लघुवित्त तथा समुह जमानी ऋण	८.५०%
ज्येष्ठ नागरिक बचत(३ महिने - १ वर्षे)	३.२५%-५.२५%	जमानी(बचत/सदस्य)	८.%
१ बर्षे मासिक ब्याज भुक्तानी योजना(प्रति लाख)	३७५।-	नव उद्यम / आकस्मिक व्यवसाय	६.५०%

११) अन्य:

११.१. नेपाल भाषा साहित्य त:मुंज्याको आयोजनामा नेपाल सम्बत ११४४ न्हुँद: भिन्तुना ज्यालीमा संस्थाका समिति, उपसमिति, संस्थापक, कर्मचारीहरू तथा चोर्चा बाजा समूहसँगै सहभागिता जनाएको ।

११.२. संस्थाका संचालक समितिका सदस्य कृष्ण गोविन्द लाखाजू बागमति प्रदेश बचत तथा ऋण सहकारी संघ लि.को संचालक सदस्य पदमा निर्वाचित हुनु भएको ।

११.३. संस्थाको कोषाध्यक्ष जयराम गोर्खाली नेपाल चेम्बर अफ कमर्सको शिक्षा तथा खेलकूद समितिमा मनोनयन हुन भएको र संचालक समिति सदस्य रत्नश्वरी चवाल नेपाल स्काउटको राष्ट्रिय परिषद् सदस्यमा निर्वाचित हुनु भएकोमा र राष्ट्रिय सदस्यता बृद्धि समितिमा चयन हुनु भएको ।

११.३. भक्तपुर नगरपालिकाको आयोजनामा २०८१ मंसिर २८ देखि पुस २ गतेसम्म भएको भक्तपुर महोत्सवमा स्थल व्यवस्थापन र साँस्कृतिक प्रदर्शनी स्थल सम्बन्धी गतिविधि गरिएको ।

११.४. संस्थामा नियमित बचत नगरेका सदस्यहरूलाई पटक पटक ताकेता गर्दा पनि बचत गर्न नआएका सदस्यहरूको खाता बन्द गरी सो रकम दायित्वमा सारिएको ।

११.५. संस्थाको कार्यालय भवनको तेश्रो तल्लामा कोठा पार्टेशन गरि रंगरोगन गरिएको ।

११.६. संस्थाको तालिमहलमा ट्यांकी निर्माण, शौचालय मर्मत तथा थप गरी रंगरोगन गरिएको ।

११.७. ६८औं राष्ट्रिय सहकारी दिवसको उपलक्ष्यमा भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी संघ लि.को आयोजनामा भएको प्रभात फेरी कार्यक्रममा संस्थाका समिति, उपसमिति, संस्थापक र कर्मचारीहरूको सहभागिता रहेको ।

११.८. आ.ब. २०८०/०८१ सालको बाह्य लेखा परीक्षण प्रतिवेदन अनुसार संस्थाको सामुदायिक विकास

कोषमा रहेको रकम मध्ये रू ९,७०,०००।- (अक्षेरूपी रू नौ लाख सत्तरी हजार) भक्तपुर नगरपालिकालाई प्रदान गरिएको ।

११.९. ४४औं नेपाल भाषा साहित्य तःमुज्याको साँस्कृतिक विधामा छदा प्याखं तयार गर्न सञ्चालक समिति सदस्य हरिरत्न गोर्खालीको संयोजकत्वमा, संचालक सदस्य रत्नश्वरी चवाल र वित्त तथा प्रशासन अधिकृत चन्द्र प्रसाद दुमरूलाई जिम्मेवारी दिइएको ।

११.१०. कृषि सामग्री कम्पनी लि. र साल्ट ट्रेडिङ्ग लिमिटेडबाट नेपाल सरकारको अनुदान प्राप्त रासायनिक मल बिक्रि वितरण गर्नका लागि सिद्धि कृषि सहकारी संस्थालाई जिम्मा दिइएको र उक्त संस्थाको माग बमोजिम कृषि सामग्री कम्पनी लि.मा प्रतिनिधि परिवर्तन गरिएको । (विस्तृत जानकारी अनुसूची ३ मा प्रकाशित गरिएको छ ।)

११.११. मिति २०८२ जेठ ३० गते बाबियाखर्क बचत तथा ऋण सहकारी संस्था लि. बाट अध्ययन अवलोकन भ्रमण आउनु भएका सहकारीकर्मीहरूको टोलीलाई स्वागत गरिएको ।

१२) आगामी कार्यक्रमहरूः

- सदस्यहरूको आय क्षमता बढाउन उत्पादनमूलक, रोजगारीमूलक र सीपमूलक तालिमहरूको आयोजना गर्ने ।
- बचत तथा ऋण प्रवर्द्धनात्मक कार्यक्रम गर्ने ।
- सहकारी शिक्षा एवं स्वास्थ्य शिविर कार्यक्रमहरूलाई निरन्तरता दिने ।
- संस्था सञ्चालनमा प्रविधिमैत्री बनाउँदै जाने ।
- समिति, उपसमिति र व्यवस्थापनको क्षमता अभिवृद्धि गर्न आवश्यक तालिमहरू सञ्चालन गर्ने ।
- एक्सेस कार्यक्रमलाई निरन्तरता दिने ।
- सदस्यहरूलाई संस्था सम्बन्धि सूचनाहरू प्रदान गर्न छिमेकी लगायत सिद्धि गणेश कर्नर प्रकाशनलाई निरन्तरता दिने ।
- सामाजिक उत्तरदायित्वलाई थप प्रभावकारी रूपमा सञ्चालन गर्दै लाने ।
- ऋणी सदस्यहरूको ऋण सदुपयोगिता जाँच गर्ने ।
- सदस्यको साँस्कृतिक स्तर उकास्न विविध कार्यक्रमहरू प्रभावकारिताका साथ सञ्चालन गर्ने ।
- सम्पदा र वातावरण जर्गेनामा जोड दिने ।
- परम्परागत बाजाको तालिम दिने ।
- सम्पत्ति शुद्धिकरण सम्बन्धी कार्यक्रमहरू गर्ने ।
- नेतृत्व विकास तालिम आयोजना गर्ने ।
- साहित्य सम्बन्धी कार्यक्रम गर्ने ।

अन्त्यमा, यस सभाबाट यस प्रगति प्रतिवेदन र प्रस्तावित कार्यक्रमहरूमाथि आवश्यक छलफल गरी पारित हुने विश्वास व्यक्त गर्दै बिदा हुन्छु । धन्यवाद !

विनियम संशोधन र एकिकरण प्रस्ताव

३१ औं वार्षिक साधारण सभा समक्ष पेश गर्न संस्थाको संचालक समितिको मिति २०८२/०५/१९ गतेको निर्णय अनुसार संस्थाको विनियम २०५१ संशोधन र एकिकरणका लागि प्रस्ताव हेर्न स्क्यान गर्नुहोला ।

अनुसूची-१

आ.ब. २०८१/०८२ असार महिनासम्मको सदस्य विवरण

	वडा	महिला	पुरुष	बालिका	बालक	जम्मा
भ.न.पा	१	५२२	३८९	७३	९९	१०८३
	२	७१०	६०५	१३९	१३९	१५९३
	३	४०८	३६३	६७	८१	९१९
	४	५१९	४३७	९९	११८	११७३
	५	४५१	३८१	७९	९७	१००८
	६	७४९	६४३	१३३	१४६	१६७१
	७	१४९०	१२३७	२८९	३१३	३३२९
	८	८५७	७२२	१४१	१७९	१८९९
	९	९१७	८०४	१५४	१८२	२०५७
	१०	११११९	९६३	२०२	२५४	२५३८
	जम्मा	७७४२	६५४४	१३७६	१६०८	१७२७०

	ठेगाना	महिला	पुरुष	बालिका	बालक	जम्मा
म.थि.न.पा	मध्यपुर	५९	६५	९	१०	१४३
	जम्मा	५९	६५	९	१०	१४३

	ठेगाना	महिला	पुरुष	बालिका	बालक	जम्मा
चा.न.पा	चागुनारायण	८८	१२०	९	१४	२३१
	दुवाकोट	३७	५६	५	९	१०७
	नगरकोट/वेसीटोल	६१	५१	१३	७	१३२
	छालिङ्ग	१३४	१३५	३३	३०	३३२
	ताथली	७९	७८	१८	२०	१९५
	सुडाल	७४	११४	९	१९	२१६
	बागेश्वरी	९८	१४५	१३	१४	२७०
	झौखेल/लाकिला	१४०	१११	३४	४४	३२९
	जितपुर	३२	४५	८	३	८८
	वासघारी	२०	१५	३	४	४२
	खरीपाटी	११	१७	०	०	२८
	पिखेल	४५	२०	१	९	७५
	जम्मा	८१९	९०७	१४६	१७३	२०४५

	ठेगाना	महिला	पुरुष	बालिका	बालक	जम्मा
सु.न.पा	कटुन्जे	४०	४८	१२	३	१०३
	सिपाडोल	१६९	१४८	२०	२७	३६४
	गुण्डु	२०	२७	२	२	५१
	चित्तपोल	२१	३३	५	५	६४
	नंखेल	३०	१९	५	३	५७
	दधिकोट	६	४	१	४	१५
	बालकोट	४	९	०	०	१३
	सिरुटार	८	३	०	०	११
	सुर्यविनायक	२२०	२२३	१९	२८	४९०
	आदर्श	४८	४७	९	९	११३
	चुनदेवी	१२	११	१	३	२७
	जम्मा	५७८	५७२	७४	८४	१३०८
कुल सदस्य		९१९८	८०८८	१६०५	१८७५	२०७६६

बाल बचत		
विवरण	संख्या	प्रतिशत
बालक	१८७५	५३.९
बालिका	१६०५	४६.१
जम्मा	३४८०	१००

पेशा	संख्या	प्रतिशत
उद्योगी	५५	०.३
स्वास्थ्यकर्मी	१२५	०.७
शिक्षण	१९१५	११.१
व्यापार	३६६७	२१.२
मजदूरी	८३४	४.८
लेखापढी	२१	०.१
विद्यार्थी	३९४३	२२.८
कृषि	६०३८	३४.९
अन्य	६९०	४.०
जम्मा	१७२८८	१००

उमेर समूह	संख्या	प्रतिशत
० देखि १०	२०९३	१०.०
११ देखि १८	१५४५	७.४
१९ देखि २५	१३३८	६.४
२६ देखि ४५	८५८९	४१.४
४६ देखि ७०	५३०७	२५.६
७० वर्षमाथि	१८९४	९.१
जम्मा	२०७६६	१००

स्वास्थ्य बचत		
विवरण	संख्या	प्रतिशत
पुरुष	१०१९	४४.७
महिला	१२६२	५५.३
जम्मा	२२८१	१००

खाता संख्या		
बाल बचत	३४८०	२२.१
स्वास्थ्य बचत	२२८१	१४.५
समृद्धि बचत	२१२	१.३
दैनिक बचत	१७४४	११.१
ज्येष्ठ नागरिक	९२३	५.९
आवधिक बचत	१६६३	१०.६
ऐच्छिक बचत	५४३५	३४.५
जम्मा	१५७३८	१००
जम्मा महिला	९१९८	५३.२
जम्मा पुरुष	८०८८	४६.८
संस्थागत	२	
जम्मा सदस्य	१७२८८	१००

अनुसूची २

१. शिक्षा उपसमिति

क) प्रत्येक महिनाको तेस्रो शनिबारको दिन निरन्तर रूपमा अनिवार्य शिक्षा शिविरको आयोजना गर्दै आएको ।
ख) एकहप्ते उद्घोषण तथा भाषणकला प्रशिक्षण (श्रावण २६)

२. ऋण उपसमिति

आ.व. २०८१/०८२ मा ऋण लगानी क्षेत्र तथा ऋणी विवरण

क्र.सं.	ऋण शिर्षक	व्याजदर	रकम	लगानी	महिला	पुरुष	जम्मा
१	हायरपर्चेज	१०%	५६,१२,८५१	०.३१	२	२१	२३
२	सरल व्यवसाय	१०%	१५,३७,४१३	०.०८	२	४	६
३	घरनिर्माण	९.५%	२१,११,६६,२७४	११.५६	७०	९७	१६७
४	व्यावसायिक	१०%	९६,९१,६४,७१३	५३.०५	६३	१६७	२३०
५	पुनर्जीवन व्यवसाय	९.५%	८,९०,०००	०.०५	०	१	१
६	घरजग्गा	११%	३३,५७,९१,०२७	१८.३८	४३	६७	११०
७	शैक्षिक	९.५%	२,९०,१७,५९०	१.५९	१३	६	१९
८	सवारी साधन	१०%	१,५९,८२,४५३	०.८७	०	९	९
९	नवनिर्माण	९%	८९,८१,२४८	०.४९	६	८	१४
१०	स्वास्थ्य उपचार	९%	३०,०००	०.००२	१	०	१
११	बचत/सदस्य जमानी	९.५%	५,८५,८०,७११	३.२१	२७०	३४१	६११
१२	उपभोग्य	१०.५%	१२,३६,७३,५६९	६.७७	९३	१०१	१९४
१३	पेशागत	१०%	६,५४,२९०	०.०४	१	२	३
१४	नव उद्यमी	८%	३७,०४,१९४	०.२०	१	१	२
१५	दैनिक बचत	१०%	१,६६,०७,८२०	०.९१	२०	४२	६२
१६	क.संचित	थप २%	६४,५५,१३१	०.३५	८	५	१३
१७	निक्षेप कर्जा	थप २%	१,४७,७६,९०२	०.८१	३६	१३	४९
१८	लघुवित्त	१०%	५,०८,५६२	०.०३	२२	२	२४
१९	आकस्मिक व्यवसाय	८%	१,५३,३८,१७८	०.८४	०	२	२
२०	वैदेशिक अध्ययन	११%	८३,५०,२६२	०.४६	४	१	५
	जम्मा		१,८२,६८,२३,१८८	१००	६५५	८९०	१५४५

३. बचत उपसमिति :

क) सिद्धि गणेश स्मार्ट बैंकिङ्ग सम्बन्धी अभिमुखिकरण कार्यक्रम (चैत्र २३)

आ.व. २०८१/०८२ मा कुल सदस्यहरूको विवरण

क्र.सं.	विवरण	जम्मा संख्या	महिला	पुरुष	संस्थागत
१	कूल सदस्य	१७२८८	९१९८	८०८८	२
२	सदस्यता बृद्धि	६०२	३११	२९१	
३	संस्थागत सदस्यता	२			२
४	बाल बचतबाट सदस्यता	१२५	६५	६०	
५	स्वेच्छाले सदस्यता खारेजी	९९	५०	४९	

६	अनिवार्य सदस्यता खारेजी	६०	२५	३५	
७	बाल बचत	३४८०	१६०५	१८७५	

आ.व. २०८१/०८२ मा विभिन्न बचत कार्यक्रमहरूमा सहभागी सदस्य संख्या

क्र.सं.	बचत कार्यक्रमहरु	सहभागी सदस्य संख्या
१	नियमित बचत	१७२८८
२	बाल बचत	३४८०
३	स्वास्थ्य बचत	२२८१
४	समृद्धि बचत	२१२
५	दैनिक बचत	१७४४
६	ज्येष्ठ नागरिक	९२३
७	आवधिक बचत	१६६३
८	ऐच्छिक बचत	५४३५

४. स्वास्थ्य उपसमिति

क) रक्त परिक्षण शिविर (श्रावण ५)

५. महिला तथा बालबालिका उपसमिति

क) खानेपानी वितरण (२०८१ असोज २६)
ख) स्त्रीरोग सम्बन्धी अभिमुखिकरण कार्यक्रम (२०८१ चैत्र २)
ग) एकहप्ते स्व-श्रृङ्गार तालिम (२०८२ वैशाख ९)

६. युवा उपसमिति

क) ६ महिने पछिमा बाजा तालिम (२०८१ चैत्र ३ देखि)
ख) १५ दिने आधारभुत फोटोग्राफी तालिम (२०८२ जेठ १८ देखि असार १)

७. लघुवित्त तथा बचत समूह परिचालन उपसमिति

क) जडिबुटीको सहि उपयोग सम्बन्धी अभिमुखिकरण कार्यक्रम (२०८१ फागुन २ गते)
ख) असल बैठक प्रणाली तथा लघुवित्त समूह परिचालन सम्बन्धी अन्तरक्रिया कार्यक्रम (२०८२ बैशाख २७)

८. यातु गणेश सेवाकेन्द्र व्यवस्थापन उपसमिति

क) नेपाल भाषा प्रचलित लिपि प्रशिक्षण । (२०८१ भाद्र १३ गते)
ख) नेपाल भाषा रञ्जना लिपि तालिम । (२०८१ चैत्र १० गते)
ग) आ.व. २०८१/०८२ मा यस उपसमितिको बैठक २२ पटक बसी आवश्यक छलफल तथा निर्णय गरियो ।
घ) आ.व. २०८१/०८२ मा यस सेवाकेन्द्रको आर्थिक कारोवार विवरण देहाय अनुसार रहेको छः-

- प्राप्त विवरण

नियमित बचत (नियमित/बाल/स्वास्थ्य/समृद्धि)	साधारण बचत (ऐच्छिक/दैनिक/लघुबित्त)	ऋण	निक्षेप	जम्मा	कारोबार संख्या	नयाँ सदस्यता
१,६८,२०,३२१	२१,७९,०२,७३८	११,४८,२५,६५९	२१,१९,९२,६९८	५६,१५,४१,४१६	३२,५८०	५१

- भुक्तानी विवरण

साधारण बचत (ऐच्छिक/दैनिक/लघुवित्त/लाभांश)	निक्षेप	नियमित बचत	ऋण	जम्मा	कारोबार संख्या
१८,३४,८५,६६४	२४,४३,७९,८९७	८३,१७,४६३	३,४३,५३,८६३	४७,०८,६०,७२७	६०१२

९. सेवाकेन्द्र व्यवस्थापन उपसमिति, तेखापुखु

क) कुरूस प्रयोग गरी पर्स र ब्याग बनाउने तालिम । (२०८१ चैत्र २३ गते)
ख) खानेपानी वितरण दुई पटक (२०८२ वैशाख ४ गते र श्रावण २५ गते)
ग) आ.व. २०८१/०८२ मा यस उपसमितिको बैठक १८ पटक बसी आवश्यक छलफल तथा निर्णय गरियो ।
घ) आ.व. २०८१/०८२ मा यस सेवाकेन्द्रको आर्थिक कारोवार विवरण देहाय अनुसार रहेको छः-

- **प्राप्त विवरण**

नियमित बचत (नियमित/बाल/स्वास्थ्य/समृद्धि)	साधारण बचत (ऐच्छिक/दैनिक/लघुबित्त)	ऋण	निक्षेप	जम्मा	कारोबार संख्या	नयां सदस्यता
१,५२,०५,२२३	११,५३,६३,०९५	१६,२०,१४,५२५	४,६३,७५,४५६	३३,८९,५८,२९९	२६,३७१	८९

- **भुक्तानी विवरण**

साधारण बचत (ऐच्छिक/दैनिक/लघुवित्त/लाभांश)	निक्षेप	नियमित बचत	ऋण	जम्मा	कारोबार संख्या
१०,५१,५०,००९	१६,८७,३७,८८६	६९,९६,९३५	३,०७,४९,९८३	३१,१६,३४,८१३	३,४७९

अनुसूची ३

आ.व. २०८१/०८२ को रासायनिक मल खरीद र बिक्री विवरण

क्र.स.	विक्रेताको नाम	खरिद मिति	बिल नं.	युरिया	डि.ए.पि.	खरिद गर्दा लागेको लागत	विक्रि
१.	साल्ट ट्रेडिङ्ग लि.	२०८१/५/७	८२२६	२७	२१	७४९९४	७४९९४
२.	कृषि सामग्री कम्पनी लि.	२०८१।०५।३०	३२१	८५	२१	१४६५९८	१४६५९८
३.	कृषि सामग्री कम्पनी लि.	२०८१/८/१०	५९१	४३	२१	८९८४२	८९८४२
४.	साल्ट ट्रेडिङ्ग लि.	२०८१/९/९	१३२	५०	४	५७७०५	५७७०५
५.	साल्ट ट्रेडिङ्ग लि.	२०८१/१२/०७	२६६	२०	२०	६६१२०	६६१२०
६.	कृषि सामग्री कम्पनी लि.	२०८१/१२/११	८५२	२१	२१	६९४२६	६९४२६
७.	साल्ट ट्रेडिङ्ग लि	२०८१/१/३०	३४३	३७	०	३४३३६	३४३३६
८.	कृषि सामग्री कम्पनी लि.	२०८२/०२/४	१०४२	२८	२१	७५९२२	७५९२२
९.	साल्ट ट्रेडिङ्ग लि	२०८२/२/२०	४९७	१९	०	१७६३२	१७६३२
१०.	कृषि सामग्री कम्पनी लि.	२०८२/३/२४	१४१०	२९	०	२६९१२	२६९१२

आ.व. २०८१/०८२ को आर्थिक प्रगति प्रतिवेदन तथा आ.व. २०८२/०८३ को अनुमानित बजेट

जयराम गोर्खाली
कोषाध्यक्ष

आज मिति २०८२/०६/०४ गते शनिबारका दिन यस सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लि.को ३१[औं] वार्षिक साधारण सभाको सभापति, यस संस्थाका समिति, उपसमितिहरूका सदस्यज्यूहरू, संस्थापकज्यूहरू, लेखा सुपरीवेक्षण समितिका पदाधिकारीज्यूहरू, शेयर सदस्य महानुभावहरू, व्यवस्थापनका कर्मचारीहरू, स्वयम्सेवकज्यूहरू र अन्य महानुभावहरूमा न्यानो अभिवादन व्यक्त गर्दछु ।

राष्ट्रिय तथा अन्तराष्ट्रिय मुल्य मान्यताहरूका साथ ३१[औं] वार्षिक साधारण सभा गर्न सफल यस सहकारी संस्थाले निरन्तर रूपमा शेयर धनी महानुभावहरूको आर्थिक सामाजिक र साँस्कृतिक स्तरलाई ध्यानमा राखि समय सापेक्ष बचतका शीर्षकहरू र ऋणका शीर्षकहरूमा ब्याजदरहरू पुनरावलोकन गरी अघि बढि रहेको छ । यस संस्थाले धैरे लामो समय पश्चात संस्थाको विनियमको संशोधन र एकिकरण कार्यलाई अघि बढाई सकेको छ । यस प्रकारका कार्यहरूले हालको मन्दीको समयमा पनि यस सहकारी संस्थाले आफ्नो नियमित गतिविधिहरूमा समयसापेक्ष प्रविधि मैत्री हुँदै अघि बढाई राखेको छ ।

विभिन्न समयमा यस संस्थालाई प्रेरणाको स्रोतको रूपमा लिई अध्ययन अवलोकन भ्रमणमा आउनु हुने सहकारी प्रेमीहरूलाई अझ यस सहकारीले आफ्ना गतिविधिहरूको प्रस्तुतिका साथै आगामी दिनहरूमा सहकारी क्षेत्रको अध्ययन अनुसन्धानलाई बलियो बनाउने गरी अघि बढ्ने विषयमा विश्वस्त छु । विभिन्न प्रकारका छाता संगठनहरू एवं नियमन निकायहरूले बेलाबखत सहकारी क्षेत्रमा गरिएका नविन क्रियाकलापहरूलाई अध्ययनको स्रोतको रूपमा लिइएको छ । यस संस्थाले आवश्यकता अनुसारका आफ्ना गतिविधिहरूमा पनि परिमार्जन र परिवर्तन गरी रहेको छ । आगामी दिनहरूमा यस सहकारी संस्थाले नियमित रूपमा सहकारी क्षेत्रको अध्ययन र अनुसन्धानका गतिविधिहरू अघि बढाई सहकारी संस्थालाई क्रमिक रूपमा सुशासन र सामाजिक विकासको लागि दीगो विकासका कार्यक्रमहरू सञ्चालन अघि बढाउने छ भनी सम्पूर्ण सदस्य महानुभावहरूमा जानकारी गराउँदछु । बचत तथा ऋण सहकारी संस्थाले आर्थिक लेनदेनका कारोबारहरूलाई विशेष प्राथमिकतामा राख्ने कारणले गर्दा यस सहकारी संस्थाले बजारको आर्थिक पक्षलाई शुक्ष्म रूपमा अध्ययन गरी समय अनुसार अघि बढि रहेको छ । अब म यस संस्थाको आ.व. २०८१/८२ को आर्थिक प्रगती प्रतिवेदन तथा आ.व. २०८२/०८३ को अनुमानित बजेट बुँदागत रूपमा राख्दछु ।

१. शेयर हिसाब

आ.व. २०८१/०८२ मा शेयर हिसाबअन्तर्गत अघिल्लो वर्षको तुलनामा २.६७% अर्थात ७२,१५,५००।- (बहत्तर लाख पन्ध्र हजार पाँच सय रूपैयाँ) ले घटी भई कुल रू. २६,२५,४५,४००।- (छबिस करोड पच्चिस लाख पैत्तालिस हजार चार सय रूपैयाँ) भएको छ । जुन संस्थाको कुल सम्पत्तिको ८.०५ % हुन आउँछ ।

२. बचत हिसाब

आ.व. २०८१/०८२ मा अघिल्लो वर्षको तुलनामा सदस्यहरूको बचत रकम ७.८१% अर्थात १९,१४,७८,२४६।- (उन्नाइस करोड चौध लाख अठहत्तर हजार दुई सय छयालिस रूपैयाँ) ले वृद्धि भई कुल रू.२,६४,२०,५६,४१६।- (दुई अर्ब चौसाठी करोड बीस लाख छपन्न हजार चार सय सोह्र रूपैयाँ) भएको छ । जुन कुल सम्पत्तिको ८०.९७% को अनुपातमा हुन्छ ।

३. जगेडा/अन्य कोष तथा व्यवस्थाहरू

आ.व. २०८१/०८२ मा जगेडा कोषमा ८.९२% अर्थात २,२५,८१,५२०।- (दुई करोड पच्चिस लाख एकासी हजार पाँच सय बीस रूपैया) ले वृद्धि भई रू. २७,५८,४५,०१९।- (सत्ताइस करोड अन्ठाउन्न लाख पैतालिस हजार उन्नाइस रूपैयाँ) हुन आएको छ । प्रचलित कानून अनुसार अन्य कोषमा रहेको बाँकी रकम जगेडा कोषमा सारिएकोले पनि जगेडा कोष रकममा यो अनुपातमा वृद्धि भएको हो । सहकारी ऐन २०७४ अनुसार संरक्षित पुँजी फिर्ता कोष रू.८२,४९,६१३।- (बयासी लाख उन्नान्पचास हजार छ सय तेह्र रूपैयाँ) र सहकारी प्रवर्द्धन कोष रू.१,६४,९९२ ।- (एक लाख चौसाठी हजार नौ सय बयानब्बे रूपैयाँ) छुट्टयाएपछि अन्य कोषहरूमा रकम रू.२,४५,८३,८४६।- (दुई करोड पैतालिस लाख त्रियासी हजार आठ साय छयालिस रूपैयाँ) र ऋण सुरक्षण/जोखिम व्यवस्थाका लागि रू.५,२२,२८,९४१।- (पाँच करोड बाइस लाख अठाइस हजार नौ सय एकचालिस रूपैयाँ) रकम छुट्याइएको छ ।

४. ऋण लगानी तथा असुली व्यवस्था

आ.व. २०८१/०८२ मा अघिल्लो बर्षको तुलनामा ६.०८% अर्थात १०,४७,७८,०५८।- (दश करोड सरचालिस लाख अठत्तर हजार अन्ठाउन्न रूपैयाँ) ले वृद्धि भई कुल रू. १,८२,६८,२३,१८८।- (एक अर्ब बयासी करोड अर्साठी लाख तेइस हजार एक सय अठासी रूपैयाँ) ऋण लगानी भएको छ । जुन कुल सम्पत्तिको ५५.९८% हुन आउँछ । बाह्य लेखा परीक्षणको प्रतिवेदनको स्थिति विवरणमा ऋण लगानी रकम रू.१,७८,२६,६२,०५१।- (एक अर्ब अठहत्तर करोड छबीस लाख बैसाठी हजार एकाउन्न रूपैयाँ) देखाइएको छ, यसको विस्तृत विवरण अनुसूची ४.३ समावेश गरिएको हुनाले सो विवरण हेर्नका लागि अनुरोध गर्दछु ।

५. आय-व्यय तथा खुद बचत(नाफा) को अवस्था

सदस्यमा ऋण लगानीबाट ब्याज आम्दानी लक्ष्यको ७६.३५% र तरल/वित्तीय लगानी र बैंकबाट ब्याज आम्दानी पनि लक्ष्यको १२७.१०% ले प्रगति भई आम्दानी तर्फ रू. २५,४०,९७,८५५।- (पच्चिस करोड चालिस लाख सन्तानब्बे हजार आठ सय पच्पन्न रूपैयाँ) भएकोमा बचतमा ब्याज खर्च पनि अनुमानको ८०.०२% भएको छ भने संचालन खर्च अनुमानको १२४.९६% भई रू.५,४०,२७,८३८।- (पाँच करोड चालिस लाख सत्ताइस हजार आठ सय अर्तिस रूपैया) मा सीमित भएको छ । परिणामतः आ.व. २०८१/०८२ मा ७ करोड ८७ लाख कर अघिको नाफा बनाउने लक्ष्य राखिएकोमा ५८.९५% लक्ष्य प्राप्ति भई रू.४,६४,३२,८१६।- (चार करोड चौसाठी लाख बत्तीस हजार आठ सय सौह्र रूपैयाँ) खुद बचत(नाफा) भएको छ । यस वर्ष खुद नाफा लक्ष्य भन्दा धेरै कम हुनुमा प्रमुख कारणहरू ऋण लगानी पर्याप्त नहुनु र ऋण नोक्सानी व्यवस्था विगतको भन्दा फरक तरिकाबाट (राष्ट्रिय सहकारी नियमन प्राधिकरणको मापदण्ड बमोजिम) गणना गर्दा रू १,६९,०७,१८६।- (एक करोड उन्नानसत्तरी लाख सात हजार एक सय छयासी रूपैया) थप व्यवस्था गरिएको हुनाले नाफामा असर भएको छ ।

६. कुल सम्पत्ति तथा तरलता

आ.व. २०८१/०८२ को अन्त्यसम्ममा संस्थाको कुल सम्पत्तिमा ४.४९% को वृद्धि भई कुल रू.३,२६,३१,४३,१०९।- (तीन अर्ब छबीस करोड एकतिस लाख त्रिसालिस हजार एक सय नौं रूपैयाँ) हुन आएको छ । सो अवधिमा संस्थामा बचत/निक्षेपको अनुपातमा १७.८५% तरलता (राष्ट्रिय सहकारी नियमन प्राधिकरणको मापदण्ड बमोजिम गणना गर्दा) देखिएको छ । संस्थाले विभिन्न वित्तीय संस्थाहरूमा १ अर्ब ८ करोडको तरल लगानी गरिएको छ जुन कुल बचत/निक्षेपको ४०.८८ प्रतिशत देखिएको छ ।

संस्थाको सञ्चालक समितिको मिति २०८२/२/१६ गतेको निर्णयानुसार संस्थाको ४ वर्षे व्यावसायिक योजनामा संशोधन गरी आ.ब. २०८२/०८३ का लागि देहायानुसारको लक्ष्य तय गरेको छ :

विवरण	आ.ब. २०८२/०८३ साविकको लक्ष्य	आ.ब. २०८२/०८३ परिवर्तीत लक्ष्य
सदस्यता	१७,८०० जना	१७,४०० जना
बाल बचत कर्ता	३,६०० जना	३,६०० जना
शेयर पूँजी	रू. ३८,६५,००,०००	रू. २५,५०,००,०००
बचत	रू. २,८९,८७,५०,०००	रू. २,६८,८०,००,०००
जगेडा कोष	रू. ३०,९२,००,०००	रू. २८,५६,००,०००
ऋण लगानी	रू. २,८९,८७,५०,०००	रू. २,३५,२०,००,०००
कुल सम्पत्ति	रू. ३,८६,०५,००,०००	रू. ३,३६,००,००,०००

७. लाभांश वितरण

सञ्चालक समितिको निर्णय बमोजिम शेयर पुँजीमा ६% दरमा लाभांश वितरण गरिने निर्णय पनि सभाबाट पारित गरिदिन अनुरोध गर्दछु ।

आ.व.२०८१/०८२ असारको यथार्थ तथा आ.व.२०८२/०८३ को अनुमानित बजेट

स्रोत तर्फ			
पूँजी तथा दायित्व	**आ.व. ०८१/०८२ अनुमानित**	**आ.व. ०८१/०८२ असारसम्मको**	**आ.व. ०८२/०८३ अनुमानित**
सदस्य	१७,३०० जना	१७,२८८ जना	१७,४०० जना
बाल बचत	३,५०० जना	३,४८० जना	३,६०० जना
शेयर हिसाव	२४,०३,१०,९००	२६,२५,४५,४००	२५,५०,००,०००
शेयर डिपोजित बचत	१२,२५,९००	१,०२,६९,८००	१,३८,००,०००
नियमित बचत	३४,५०,००,०००	३६,१३,५२,३५०	५१,८३,००,०००
बाल बचत	५,८०,००,०००	७,०६,००,१९५	८,५५,५८,१२०
आवधिक निक्षेप	१,०५,००,००,०००	८९,९३,७२,१००	७८,५५,००,०००
ऐच्छिक बचत	५७,३९,६३,२००	६३,२२,४५,९०९	६५,००,००,०००
स्वास्थ्य बचत	२,९५,००,०००	३,०६,२१,६८५	३,८९,४१,८८०
दैनिक बचत	६,००,००,०००	६,३४,३८,१९९	७,७०,००,०००
जेष्ठ जीवन बचत	५४,००,००,०००	५२,३५,६१,८०१	५०,००,००,०००
समृद्धि बचतहरू	४५,००,०००	६७,९२,२६१	८०,००,०००
सदस्य आम्दानी बचत	३,००,००,०००	३,१३,१८,७४७	५,००,००,०००

कर्मचारी संचित बचत	-	१,२४,८३,३७०	१,२०,००,०००
जगेडा कोष	२७,६०,००,०००	२७,५८,४५,०१९	२८,५६,००,०००
संरक्षित पूँजी फिर्ता कोष	१,२२,९९,३४४	८२,४९,६१३	७५,६०,१६९
सहकारी प्रर्वद्धन कोष	२,४५,९८७	१,६४,९९२	१,५१,२०३
अन्य कोषहरू	३,६६,५२,०४४	२,४५,८३,८४६	२,२५,२९,३०३
अन्य दायित्व	१९,२३,०२,६२५	४,१६,३०,०१९	५,००,५९,३२५
एनएफआरएस समायोजन कोष	-	७१,४५,४५७	
स्थगन कर दायित्व	-	९,२२,३४७	
जम्मा	**३,४५,००,००,०००**	**३,२६,३१,४३,१०९**	**३,३६,००,००,०००**

उपयोग तर्फ			
सम्पत्ति	**आ.व. ०८१/०८२ अनुमानित**	**आ.व. ०८१/०८२ असारसम्मको**	**आ.व. ०८२/०८३ अनुमानित**
ऋण लगानी	२,५८,७५,००,०००	१,७८,२६,६२,०५१	२,३५,२०,००,०००
बैक तथा वित्तीय संस्थामा मौज्दात	७०,००,००,०००	१,४१,५०,९०,९८५	८२,५०,००,०००
सम्पति सामान	१२,००,००,०००	२,०७,७८,२०७	१३,५०,००,०००
ख्याती तथा अमुर्त सम्पत्ति	५,००,०००	४,२९,१४०	५,००,०००
वित्तीय लगानी सम्पतिहरू	२४,१८,३००	२४,१८,३००	२४,१८,३००
चालु कर सम्पति दायित्व	३,००,००,०००	३,२४,९४,२६१	३,५०,००,०००
अन्य सम्पति	५,८१,७००	४७,४४,८३६	४०,००,०००
नगद मौज्दात	९०,००,०००	४५,२५,३२९	६०,८१,७००
जम्मा	३,४५,००,००,०००	३,२६,३१,४३,१०९	३,३६,००,००,०००

आम्दानी तर्फ			
आम्दानी शिर्षक	**आ.व. ०८१/०८२ अनुमानित**	**आ.व. ०८१/०८२ असारसम्मको**	**आ.व. ०८२/०८३ अनुमानित**
ऋण लगानीबाट व्याज	२३,७०,००,०००	१८,०९,५१,१०१	१७,०५,१२,०००
बैंकबाट व्याज (तरल, वित्तीय)	४,१५,००,०००	५,२७,४६,३३२	२,८१,००,०००
अन्य आम्दानी	३,३०,००,०००	२,०४,००,४२२	१,६७,००,०००
गत वर्षको ब्याज आम्दानी	२५,००,०००	-	२५,००,०००
कर्जा सुरक्षण कोष फिर्ता	-	-	-
जम्मा	३१,४०,००,०००	२५,४०,९७,८५५	२१,७८,१२,०००

खर्च तर्फ			
ब्याज खर्च	**आ.व. ०८१/०८२ अनुमानित**	**आ.व. ०८१/०८२ असारसम्मको**	**आ.व. ०८२/०८३ अनुमानित**
बचतमा व्याज	१९,२०,००,०००	१५,३६,३७,२०१	१३,१०,००,०००
ब्याज खर्च जम्मा	१९,२०,००,०००	१५,३६,३७,२०१	१३,१०,००,०००
कार्यालय संचालन			
तलब तथा सुविधा	१,९२,००,०००	१,६२,७३,३८६	१,७४,००,०००.००
उपदान व्यवस्था खर्च	-	३४,७७,६८१	-
बैठक भत्ता खर्च	२०,००,०००	१४,३४,७५०	१८,००,०००
परिवहन खर्च	७८,०००	७८,०००	७८,०००

कर्मचारी विमा सुविधा	७५,०००	४९,३२५	७५,०००
धितो मुल्याङ्कन निरीक्षण खर्च	५,००,०००	३,८९,८४०	५,००,०००
दैनिक भ्रमण खर्च	१,००,०००	-	-
पोशाक खर्च	२,३०,०००	२,१५,५००	२,३०,०००
संचार खर्च	५,००,०००	४,६१,५२०	५,००,०००
खानेपानी महसुल	१,१०,०००	५६,३३२	१,१०,०००
विद्युत महसुल	३,००,०००	२,५४,२८१	३,००,०००
का. सामान मसलन्द	६,५०,०००	३,००,७०७	४,००,०००
का. अन्य सामान	३,००,०००	२,०९,१३६	३,००,०००
प्रचारप्रसार	५,००,०००	४,८३,१७७	५,००,०००
मर्मत सम्भार	६,००,०००	३,५३,२०३	५,००,०००
पत्र पत्रिका (पुस्तक)	५०,०००	२२,३८०	५०,०००
छपाई	५,००,०००	३,९७,९१०	५,००,०००
विविध खर्च	२,००,०००	१,२०,५७५	२,००,०००
भैपरी खर्च	५,००,०००	१,३०,१८५	५,००,०००
कर्मचारी नास्ता खाजा खर्च	७,००,०००	६,९९,१३१	७,००,०००
सर सफाई खर्च	१,००,०००	४२,७२७	१,००,०००
ढुवानी भाडा	१८,०००	६,७४५	१८,०००
कार्यक्रममा सहभागिता	३,००,०००	१,४७,२६०	३,००,०००
नविकरण तथा दस्तुर	२,००,०००	१,५९,८७६	२,००,०००
ईन्धन खर्च	१,५०,०००	१,०९,९८०	१,५०,०००
ह्रास खर्च	७,००,०००	८,५२,८०९	१०,००,०००
ले प शुल्क	२,५०,०००	२,५०,०००	२,५०,०००
ले प खर्च	२,५०,०००	-	२,५०,०००
आई टि अडिट	-	-	१,५०,०००
बैंक चार्ज	२५,०००	१२,१२१	२५,०००
विमा शुल्क	२,००,०००	१,९१,५९९	२,००,०००
कोठाभाडा	५,००,०००	४,०५,८४३	५,००,०००
संचालन खर्च जम्मा	२,९७,८६,०००	२,७५,८५,९७९	२,७७,८६,०००
नियमित खर्च	**आ.व. ०८१/०८२ अनुमानित**	**आ.व. ०८१/०८२ असारसम्मको**	**आ.व. ०८२/०८३ अनुमानित**
सहकारी अध्ययन भ्रमण	४,००,०००	-	४,००,०००
तालिम गोष्ठी सेमिनार	३,००,०००	१,६१,१७०	३,००,०००
एक्सेस कार्यक्रम	२,००,०००	१,१८,२००	१,५०,०००
पुस्तकालय व्यवस्थापन	५०,०००	-	५०,०००
खेलकूद गतिविधि	१,२०,०००	-	१,२०,०००
कृषि सम्वन्धि कार्यक्रम	६०,०००	-	६०,०००
सदस्य व्यवसाय प्रवर्द्धन	१,२०,०००	११,१५५	१,००,०००

संचालक क्षमता अभिवृद्धि	१,००,०००	-	१,००,०००
मानव संशाधन	२,००,०००	१,५०,०७०	२,००,०००
महिला सशक्तिकरण	१,२०,०००	२३,८५१	१,००,०००
सदस्य सुत्केरी स्याहार खर्च	२,५०,०००	१,६९,२७५	२,५०,०००
क्षेत्रगत साधारण सभा	६८,००,०००	६३,४४,५११	६८,००,०००
शिक्षा तथा छिमेकी प्रकाशन	१,०८,०००	१,०३,००१	१,२०,०००
ऋण सेवा प्रवर्द्धन	३६,०००	५,२५०	१,००,०००
बचत सेवा प्रवर्द्धन	३६,०००	७,१८८	५०,०००
युवा व्यक्तित्व विकास	९६,०००	८०,३७६	१,००,०००
सेवा केन्द्र कार्यक्रम खर्च	१,६०,०००	१,५८,५८३	२,००,०००
वित्तीय व्यवस्थापन	१०,०००	३,६०५	१०,०००
सहकारी अन्य कार्यक्रम	२,०१,०००	१,२४,०६०	३,००,०००
सदस्य राहत	१०,००,०००	७,८५,०००	१०,००,०००
आर्थिक सहयोग	५,००,०००	२,२५,०००	५,००,०००
बाल बचत कार्यक्रम	६,००,०००	५,२७,२३०	६,००,०००
विद्यार्थी पदक	१,००,०००	६०,०००	१,००,०००
कर्जा सुरक्षण व्यवस्था	१०,००,०००	१,६९,०७,१८६	१०,००,०००
सम्पत्ति शुद्धिकरण निवारण सम्बन्धि कार्यक्रम	५०,०००	-	३,००,०००
लघुवित्त कार्यक्रम	६०,०००	४८,५०८	६०,०००
सहकारी दिवस	२५,०००	३,६३०	५,०००
जेष्ठ नागरिक सम्मान कार्यक्रम खर्च	२,००,०००	१,४०,००७	२,००,०००
